मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.स २०७८/०७९
च.नं: ५६

मिति: २०७८/०४/२५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

विषय: बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा ताहाँ मन्त्रालयको च.नं ५ मिति २०७८/०४/१० को प्राप्त पत्रानुसार बहुक्षेत्रीय पोषण कार्यक्रम (ब.उ.शि.नं. ३६५००१०६३) अन्तर्गत आ.व. २०७७/०७८ मा यस गाउँपलिकामा भएका कार्यक्रमहरुको प्रगति विवरण तथा आर्थिक विवरण दिईएको ढाँचामा तयार गरि यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

...........
हेमराज बस्नेत
**नि.प्रमुख प्रशासकिय अधिकृत**

# बहुक्षेत्रीय पोषण योजना
# अर्ध तथा वार्षिक प्रगति प्रतिवेदन
# आ.व. २०७७/०७८

प्रतिवेदन पेश भएको :
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,
स्थानीय तह समन्वय शाखा, सिंहदरवार
र
लुम्बिनी प्रदेश सरकार
लुम्बिनी प्रदेश योजना आयोग
मुकाम, बुटवल

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## १. परिचय

माण्डवी गाउँपालिका नेपालको पुरानो प्रशासनिक विभाजन अनुसार प्यूठान जिल्लामा र हाल लुम्बिनी प्रदेशमा पर्दछ । माण्डवी गाउँपालिका भौगोलिक हिसाबले ८२°४१'३०" देखि ८२°५०'३०" र पूर्व देशान्तरसम्म २७°५९'३०" देखि २८°६'३०" उत्तरी अक्षांश सम्म अवस्थित छ । ११३.०८ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस माण्डवी गाउँपालिकाको उत्तरमा स्वर्गद्वारी र प्यूठान नगरपालिका पश्चिमतर्फ दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन् । नेपाल सरकारको निर्णयअनुसार मिति २०७३/११/२२ गते साविकका गाविसहरु तिराम (१– ४), मर्कावाङ, नयाँगाउँ, रम्दी र उदयपुरकोट गाविसहरु समेटेर माण्डवी गाउँपालिका घोषणा गरीएको थियो । शैक्षिक हिसावमा यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी ५ वटा मा.वि, ५ वटा आधारभूत विद्यालय ( साविक नि.मा.वि) र १६ वटा प्रा.वि गरी जम्मा २६ वटा शिक्षण संस्थाहरु संचालित छन् भने १ वटा आधारभूत र १ वटा प्रा.वि गरि २ मात्र संस्थागत रहेका छन् । प्यूठान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरु मध्ये विकासका सम्भावना बोकेको गाउँपालिका रहेको छ । साथै सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँपालिकावासी समेत यो गाउँपालिकाका दीगो विकासको विकासका श्रोतका रुपमा रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मगर जाति ६,०७२ जना (४०.३२ प्रतिशत), दोस्रोमा क्षेत्री ४,४८५ जना (२९.७८ प्रतिशत) र तेस्रोमा कामी १,७३२ (११.५० प्रतिशत) हरुको बसोबास रहेको छ । यस गाउँपालिकामा ५ वडाहरु रहेका छन् । गाउँपालिकाको सहरी क्षेत्रको रुपमा विकसित भएका क्षेत्रहरुमा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने बढिरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् । प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस गाउँपालिकाका स्थानीय विद्यार्थीहरु अन्य छिमेकी नगरपालिका/उपमहानगरपालिका तथा जिल्लामा जाने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होली, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।



प्रमुख प्रशासकिय अधिकृत

**२ यस आ.व.मा बहुक्षेत्रीयपोषण योजना कार्यान्वयन भएका भौगोलिक क्षेत्र । वार्ड र टोल**

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्यूठान लुम्बिनी प्रदेश, नेपाल

क) सघन रुपमा कार्यक्रम कार्यान्वयन भएका वडाहरु: यस माण्डवी गाउँपालिकामा रहेका ५ वटै वडाका बस्तीहरु

ख) संक्षिप्त रुपमा कार्यक्रम कार्यान्वयन भएका वडाहरु : वडा नं. १ खरिवाङ ,वडा नं. २ गोलवाङ, वडा नं. ३ सल्लीबेसी , सल्लीकोट वडा नं. ४ बायनेटा ,डाडाकटेरी र वडा नं. ५ चिन र सिर्खे मा कार्यक्रम कार्यान्वयन भएको छ ।

**२. सुनौलाहजार दिनका घरपरिवारको बिवरण (वडामा १/१ वटा बस्तीमा )**

यस माण्डवी गाउँपालिकाको विपन्न समुदायमा बसोबास गर्ने ५ वटै वडहरुका ३०/३० घरपरिवारका दरले जम्मा १५० घरपरिवारका सुनौलो हजार दिनका आमाहरु रहेका छन् ।

३. जम्मा बजेट

संघीय सरकार : २७,४९,०००। (अक्षेरुपि सत्ताइस लाख उनन्चास हजार)

प्रदेश सरकार: ०।

पालिका: ०।

नि.प्रमुख प्रशासकिय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
माण्डवी गाउँपालिका
जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७४

# आ.ब. २०७७।७८मा बहुक्षेत्रीय पोषण योजना अन्तरगत सन्चालन भएका गतिविधिहरुको भौतिक प्रगति विवरण

| क.स | कियाकलापहरु | इकाई | अर्ध । वार्षिक | | खर्च स्रोत | | | लाभान्वित | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | संघीय सरकार | प्रदेश सरकार | आन्तरिक | घरधुरी | महिला | पुरुष | १००० दिनकाआमा | किशोरी |
| | **क्षेत्र : कृषिविकास** | | | | | | | | | | | |
| १ | तरकारी बिउ वितरण | जना | १५० | १५० | संघीय सरकार | | | १५० | १५० | | सुनौलो हजार दिनका आमाहरु | |
| २ | पोषण ,तरकारी उत्पादन ,उन्नत जातका कुखुरा तथा पशुपालन सम्बन्धि २ दिवसिय तालिम | जना | १५० | १५० | संघीय सरकार | | | १५० | १५० | | सुनौलो हजार दिनका आमाहरु | |
| | **क्षेत्र : पशुविकास** | | | | | | | | | | | |
| १ | - | जना | - | - | संघीय सरकार | - | - | - | - | - | सुनौलो हजार दिनका आमाहरु | |
| २ | | | | | | | | | | | | |
| | **क्षेत्र : शासकिय प्रबन्धक** | | | | | | | | | | | |
| १ | पोषिलो झोला वितरण | जना | १५० | १५० | संघीय सरकार | | | १५० | १५० | | सुनौलो हजार दिनका आमाहरु | |
| | **क्षेत्र : शिक्षा** | | | | | | | | | | | |
| १ | प्रारम्भिक वालविकास केन्द्रका सहजकर्ताहरुलाई पोषण कुपोषण तथा बाल्यकालिन पोषण तथा स्याहार सम्बन्धि २ दिवसिय तालिम | जना | ३२ | ३२ | संघीय सरकार | | | ३२ | ३२ | | प्रारम्भिक वालविकास केन्द्रका सहजकर्ताहरुलाई | |



प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्र: महिला तथ ।बालबालिका | | | | | | | | | | | | |
| १ | लैंगिक हिंसा न्यूनिकरणका लागि अभिमुखिकरण कार्यक्रम | जना | १५० | १५० | संघीय सरकार | | | १५० | १५० | | सुनौलो हजार दिनका आमाहरु | |
| क्षेत्र : खानेपानी तथा सरसफाई | | | | | | | | | | | | |
| १ | शुद्ध खानेपानी ,शौचालयको उचित प्रयोग तथा ब्याक्तिगत सरसफाईको महत्वबारे अभिमुखिकरण र हातधुने साबुन ३ वटा र १/१ वटा तौलिया वितरण | जना | १५० | १५० | संघीय सरकार | | | १५० | १५० | | सुनौलो हजार दिनका आमाहरु | |

४. आ.ब. २०७७/७८मा बहुक्षेत्रीयपोषण योजना अन्तरगत बित्तिय प्रगति विवरण

| क्र.स | क्रियाकलापहरुको विवरण | बार्षिक बजेट | | | | खर्च बिवरण | | | | कैफियत (बाँकी रकम) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संघीय सरकार | प्रदेश सरकार | स्थानीय तह | जम्मा | संघीय सरकार | प्रदेश सरकार | स्थानीयतह | जम्मा | |
| १ | गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षानिर्देशक समिति बैठक | ५४ ,०००। | ०। | ०। | ५४ ,०००। | संघिय सरकार | | | ५४ ,०००। | |
| २ | पोषणको महत्व,यसको कार्यान्वयन अनुगमान तथा प्रतिबेदन बारे १ दिवसीय प्रशिक्षेण | संघिय सरकार | ०। | ०। | ४०,०००। | संघिय सरकार | | | ४०,००० । | ०। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षानिर्देशक समिति मार्फत कार्यक्रमको अनुगमन | संघिय सरकार | ०। | ०। | ३५,०००। | संघिय सरकार | | | ३५,०००। | ०। |
| ४ | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षानिर्देशक समितिका पदाधिकारी र अन्य सरोकारवालालाई बहुक्षेत्रीय पोषण सम्बन्धीत १ दिवसीय अभिमुखीकरण कार्यक्रम | संघिय सरकार | ०। | ०। | १,०००००। | संघिय सरकार | | | १,०००००। | ०। |
| ५ | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षानिर्देशक समिति बैठक २/२ पटक | संघिय सरकार | ०। | ०। | १,०००००। | संघिय सरकार | | | ०। | १,०००००। |
| ६ | गा.पा. कार्यालय तथा वडा कार्यालयहरुमा पोषण कर्नर स्थापाना | संघिय सरकार | ०। | ०। | ३०,०००। | संघिय सरकार | | | ३०,०००। | ०। |
| ६ | पोषण स्वयंसेवक निर्वाह भत्ता, संचार र पोशाक भत्ता | संघिय सरकार | ०। | ०। | १,०५,०००। | संघिय सरकार | | | ६७,०००। | ३८,०००। |
| ७ | पोषण सम्बन्धि होडिङबोर्ड छपाई | संघिय सरकार | ०। | ०। | १,२६,०००। | | | | १,२६,०००। | ०। |
| ७ | विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई लैगिंक हिंसा न्यूनिकरणका लागि अभिमुखीकरण कार्यक्रम, ६ वटै वडाका ३०/३० जनाका दरले समुह गठन गरि संचालन | संघिय सरकार | ०। | ०। | १,०००००। | संघिय सरकार | | | १,०००००। | ०। |
| ८ | मा.वि. तहका विद्यालयका किशोरीहरुलाई प्रजनन स्वास्थ्य, महिनावारी, जिवनउपयोगी सिप, स्वास्थ्य र पोषण बारे अभिमुखीकरण कार्यक्रम ५ विद्यालयका ३०/३० जना, पोषण झोला वितरणमा खर्च भएको | संघिय सरकार | ०। | ०। | १,०००००। | संघिय सरकार | | | १,०००००। | ०। |
| ९ | पोषण सामाग्री ढुवानी | संघिय सरकार | ०। | ०। | २५,०००। | संघिय सरकार | | | ०। | २५,०००। |
| १० | ओ.टी.सी. स्थापना वा सुद्धिढीकरण | संघिय सरकार | ०। | ०। | १,००,०००। | संघिय सरकार | | | ०। | १,००,०००। |



प्रमुख प्रशासकिय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | पलिकामा रहेका ओ.टि.सि. संचालनको लागि स्वास्थ्यकर्मीहरु र महिला स्व.स्वयं. कालागि संचार र यातायाल तथा उत्प्रेणा खर्च | संघिय सरकार | ०। | ०। | २४,०००। | संघिय सरकार | | | | २४,०००। |
| १२ | बृहत पोषण प्याकेज कार्यक्रम विस्तार | संघिय सरकार | ०। | ०। | ६,००,०००। | | | | | ६,००,०००। |
| १३ | **पोषण स्क्रिनिङ** | संघिय सरकार | ०। | ०। | २,५०,०००। | | | | | २,५०,०००। |
| १४ | बालक्लवहरु गठन तथा पोषणको महत्वबारे कक्षा परामर्स संचालन , पोषण झोला वितरणमा खर्च भएको | संघिय सरकार | ०। | ०। | ८०,०००। | संघिय सरकार | | | ८०,०००। | ०। |
| १५ | विद्यालमा पोषण सम्बन्धी हाजिर जवाफ र भाषणकला प्रतियोगिता आयोजना ७ मा.वी.मा , पोषिलो झोला वितरणमा खर्च भएको | संघिय सरकार | ०। | ०। | ७५,०००। | संघिय सरकार | | | ७५,०००। | ०। |
| १६ | **प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुलाई पोषण ,कुपोषण तथा बाल्यकालिन पोषण तथा** स्याहार सम्बन्धि २ दिवसिय तालिम | संघिय सरकार | ०। | ०। | १,०००००। | संघिय सरकार | | | १,०००००। | ०। |
| १७ | विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई शुद्धखानेपानी शौचालयको उचित प्रयोग तथा व्यक्तीगत सरसफाईको महत्ववारे अभिमुखीकरण तथा हातधुने साबुन ३ वटाका दरले १/१ वटा तौलिया ३०/३० जनाको ५ वटा समुहमा १५० जना लाई | संघिय सरकार | ०। | ०। | १,५०,०००। | संघिय सरकार | | | १,५०,०००। | ०। |
| १८ | विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई पोषण , तरकारी उत्पादन ,उन्नतजातका कुखुरा तथा पशुपालन सम्बन्धि २ दिवसिय तालिम ५ वटै वडाहरुमा | संघिय सरकार | ०। | ०। | २,५०,०००। | संघिय सरकार | | | २,००,०००। | ५००००। |



प्रशासकिय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई तरकारीको विउ वितरण ,ढुवानी समेत ३०/३० जनाको दरले ५ वडामा ५ समुहमा | संघिय सरकार | ०। | ०। | १,२५,०००। | संघिय सरकार | | | १,२५,०००। | ०। |
| २० | विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई ४ हप्ते कुखुराका चल्ला वितरण (७ वटाका दरले) ढुवानि र पहिलो दाना समेत (३०/३० जनाको ५ वडाका ५ समुहमा | संघिय सरकार | ०। | ०। | १,८०,०००। | संघिय सरकार | | | ०। | १,८०,०००। |
| | जम्मा | | | | २७,४९,०००। | | | | १३,८२,०००। | १३,६७,०००। |

नि.प्रमुख प्रशासकिय अधिकृत

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

५. बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरुको समग्र स्थिति (काम सम्पन्नभएको, कामनभएको, काममा बाधा परेको) तथा विस्तृत मुल्यांकन,प्रगतिको सारांश ।

यस माण्डवी गाउँपालिकामा जम्मा ५ वटा रहेका छन् । यस बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन यस गाउँपालिकामा विपन्न समुदाय भित्रका घरपरिवारका ५ वटै वडाहरुका ३०/३० जनाका दरले जम्मा १५० जना सुनौला हजार दिनका आमाहरुलाई समेटि यो कार्यक्रम संचालन गरिएको थियो । यस गाउँपालिकामा महिला तथा बालबालिकाहरु न्यूनपोषण र अधिकपोषण दुबै प्रकारका कुपोषणसम्बन्धी समस्याबाट पिडीत छन । पोषणमा विविध प्रकारका खानेकुरामा पहुच नहुनु वा भएको खाद्य बस्तु उचित तरिकाले उपभोग नगर्नु, अशुद्ध खानेपानी तथा सरसफाईमा ध्यान नदिनु,संक्रमित भएमा समयमा उपचार नगर्नु, अधिक कार्यबोझ र जनचेतनामा कमि हुनु जस्ता विविध समस्याहरु रहेका छन् । ति समस्याहरुलाई यस कार्यक्रम मार्फत जनचेतना फैलाउदै यो क्रियाकलाप संचालन गरिएको थियो । यस क्रियाकलाप संचालन गर्दा यस गाउँपालिका बाट गाउँ पालिका अध्यक्ष ,उपाध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत / वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो भने स्वास्थ्य शाखा प्रमुख श्री ध्रुब कुमार पोखेल, स्वास्थ्य शाखा सह संयोजक रवि आचार्य कृषि शाखा प्रमुख श्री किरण गिरी , पशु सेवा शाखा प्रमुख हेमराज आचार्य ,महिला तथा बालबाली शाखा प्रमुख सिता गौतम ,पालिका पोषण सहजकर्न्ता गिर बहादुर धामी र पोषण स्वयंसेवक श्री दाम बहादुर कार्कीले गरेका थिय । यस क्रियाकलाप संचालन गर्दा यस गाउँपालिकाका अध्यक्ष श्री श्रीधर रोका ,उपाध्यक्ष मुगा पुन मगर ५ वटै वडाका वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत श्री शिसिर रिजाल ज्यूले सुनौला हजार दिनका आमाहरुलाई यस प्रकारको सहयोग बहुक्षेत्रीय पोषण कार्यक्रमले संचालन गरेकोमा धन्याबाद दिदै आगामी वर्षहरुमा पनि निरन्तरता दिने बताउनु भएको थियो ।

कार्यन्वयन प्रक्रिया:

यस बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनको जिम्मेबार शाखा सामाजिक विकश शाखा रहेको छ । समुदायका विपन्न परिवार भित्रका सुनौलो हजार दिनका आमाहरुलाई वडा स्तरिय पोषण तथा खाद्य सुरक्षानिर्देशक समिति मार्फत छनोट गरिएको थियो भने प्रत्यक वडाका जनप्रतिनिधिहरु, महिला स्वास्थ्य स्वयंसेवीका मार्फत खवर गरि वडा कार्यालयहरुमा यो कार्यक्रम कार्यन्वयन गरिएको थियो ।

क्रियाकलाप तथा उपलब्धि:

यस माण्डवी गाउँपालिकाका विपन्न समुदायमा बसोबास गर्ने ५ वटै वडाका सुनौलो हजार दिनका १५० जना आमाहरु मध्य दलित ४०, जनजाति ८५ र अन्य २५ जना रहेका थिए यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका आमाहलाई पोषिलो खानेकुरा भएको पोषिलो झोला,तरकारी विउ वितरण सरसफाई सामाग्री वितरण गरिएको थियो । भने अरु क्रियाकलाप कोभिड १९ को महामारीको कारण समयमै सम्पन्न गर्न सकिएन । समग्रमा ५०।२७ प्रतिशत मात्र काम सम्पन्न गरिएता पनि यस कार्यक्रमले आमा र बच्चाको पोषणमा केहि मात्रामा सुधार ल्याउने देखिन्छ ।



नि.प्रमुख प्रशासकिय अधिकृत

संचालन गर्दाका समस्याहरु

१ कोभिड १९ को महामारीको कारण सबै कार्यक्रम सम्पन्न गर्न नसकिएको ।

२ भौगोलिक विकट्ताका कारण कार्यक्रम संचालन र वितरणमा असहज भएको ।

३ छोटो समयमै सामग्री वितरण गर्न कठिनाई भएको ।

४ जनचेतनामा कमि भई पोषणको महत्व बारे बुझाउन कठिन भएको ।

समाधान गर्न गरिएका प्रयासहरु

कोभिड १९ को महामारीको क्रममा पनि स्वास्थ्य मापडण्ड पालनागरी जनप्रतिनिधिहरु र कर्मचारीहरुको सहयोगबाट कार्यक्रम संचालन गरियो ।

मुल्यांकन

यो क्रियाकलाप संचालन गर्दा र संचालन गरिसकेपछि मुल्यांकन गर्दा आमा र बच्चाको पोषणमा सुधार आउने देखिन्छ तर अरु वितरण कार्य भन्दा जस्तै कुखुराको चल्ला, तरकारीको विउविज तथा विरुवा र बाख्रा बाड्नु भन्दा पोषणको प्याकेज नै वितरण गर्दा उनिहरुलाई चल्ला/ बाख्रा हुर्काउने झण्झबाट मुक्ती मिल्ने र उनीहरुलाई तत्कालै पोषण उपलब्ध हुने भएकोले यो पोषण प्याकेज नै वितरण गर्न बढी उपयोगी हुने देखियो ।

काम गर्न नसकिएका क्रियाकलापहरु

शासकिय प्रवन्ध तर्फ

१. वडा स्तरिय तथा खाद्यय सुरक्षा निर्देशक समितिको बैठक (सबै वडामा २/२ पटक )

महिला तथा बालबालिका तर्फ

१. माध्यामिक तहका विद्यालयका किशोरीहरुलाई प्रजनन् स्वास्थ्य महिनावारी ,जिवनउपयोगी सिप,स्वास्थ्य र पोषण बारे अभिमुखिकरण कार्यक्रम

शिक्षा तर्फ

१. बालक्लव गठन तथा पोषणको महत्व बारे कक्षापरामर्स संचालन गर्ने

२. मा.वि. विद्यालयमा पोषण सम्बन्धी हाजिरी जवाफ र भाषणकला प्रतियोगिता



नि.प्रमुख प्रशासकिय अधिकृत

स्वास्थ्य तर्फ

१. पोषण सामाग्री ढुवानी

२. ओ.टि.सि. को स्थापाना वा सुद्धिढीकरण

३. पालिकामा रहेको ओ.टि.सी. हरु संचालनको लागी स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयंसेविकाको लागी संचार यातायात तथा उत्प्रेण खर्च ।

४. बृहत पोषण प्याकेज कार्यक्रम विस्तार

५. पोषण स्क्रिनिङ सवै वडाहरुमा

पशुपंछि विकास तर्फ

विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई कुखुरा चल्ला वितरण कार्यक्रम

काम गर्न सकिएका क्रियाकलापहरु

| |
|---|
| गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षानिर्देशक समिति बैठक |
| पोषणको महत्व,यसको कार्यान्वयन अनुगमान तथा प्रतिबेदन बारे १ दिवसीय प्रशिक्षेण |
| गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षानिर्देशक समिति मार्फत कार्यक्रमको अनुगमन |
| वडा स्तरिय पोषण तथा खाद्य सुरक्षानिर्देशक समितिका पदाधिकारी र अन्य सरोकारवालालाई वहुक्षेत्रीय पोषण सम्बन्धीत १ दिवसीय अभिमुखीकरण कार्यक्रम |
| वडा स्तरिय पोषण तथा खाद्य सुरक्षानिर्देशक समिति बैठक २/२ पटक |
| गा.पा. कार्यलय तथा वडा कार्यालयहरुमा पोषण कर्नर स्थापाना |
| पोषण स्वयंसेवक निर्वाह भत्ता,संचार र पोशाक भत्ता |
| पोषण सम्बन्धि होडिङबोर्ड छपाई |
| विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई लैगिंक हिंसा न्यूनिकरणका लागि अभिमुखीकरण कार्यक्रम,६ वटै वडाका ३०/३० जनाका दरले समुह गठन गरि संचालन |
| मा.वि.तहका विद्यालयका किशोरीहरुलाई प्रजनन स्वास्थ्य,महिनावारी ,जिवनउपयोगी सिप,स्वास्थ्य र पोषण बारे अभिमुखीकरण कार्यक्रम ५ विद्यालयका ३०/३० जना , पोषण झोला वितरणमा खर्च भएको |
| बालक्लवहरु गठन तथा पोषणको महत्वबारे कक्षा परामर्स संचालन , पोषण झोला वितरणमा खर्च भएको |
| विद्यालमा पोषण सम्बन्धी हाजिर जवाफ र भाषणकला प्रतियोगिता आयोजना ७ मा.वी.मा , पोषिलो झोला वितरणमा खर्च भएको |
| प्रारम्भिक बालविकास केन्द्धका सहजकर्ताहिरुलाई पोषण ,कुपोषण तथा बाल्यकालिन पोषण तथा स्याहार सम्बन्धि २ दिवसिय तालिम |
| विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई शुद्धखानेपानी शौचालयको उचित प्रयोग तथा व्यक्तीगत |



नि.प्रमुख प्रशासकिय अधिकृत

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जल्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

| |
|---|
| सरसफाईको महत्वबारे अभिमुखीकरण तथा हातधुने साबुन ३ वटाका दरले १/१ वटा तौलिया ३०/३० जनाको ५ वटा समुहमा १५० जना लाई |
| विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई पोषण , तरकारी उत्पादन ,उन्नतजातका कुखुरा तथा पशुपालन सम्बन्धि २ दिवसिय तालिम ५ वटै वडाहरुमा |
| विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई तरकारीको विउ वितरण ,ढुवानी समेत ३०/३० जनाको दरले ५ वडामा ५ समुहमा |

संयुक्त, अनुगमन / सुपरिवेक्षण भ्रमण(कृपया भ्रमण गर्ने व्यक्ति, भ्रमण गरिएका स्थानहरु,भ्रमणका क्रममा सिफारिस गरिएका समस्या समाधानकाउपायहरु, फोटो उल्लेख गर्नुहोला ।)

| क्र.सं. | पदाधिकारीको नाम | पद | अनुगमन गरेको स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | श्रीधर रोका | अध्यक्ष | वडा नं. १ देखि ५ | |
| २ | मुगा पुन मगर | उपाध्यक्ष | वडा नं. १ देखि ५ | |
| ३ | शिसिर रिजाल | प्रमुख प्रशासकीय अधिकृत | वडा नं. १ देखि ५ | |
| ४ | ध्रुव कुमार पोखेल | जनस्वास्थ्य निरिक्षक | वडा नं. १ देखि ५ | |
| ५ | अर्जुन आचार्य | लेखापाल | वडा नं. १ देखि ५ | |
| ६ | रबि आचार्य | अ.हे.व | वडा नं. १ देखि ५ | |
| ७. | मित्रमणि पौडेल | आ.ले.प | वडा नं. १ देखि ५ | |
| ८. | गिर बहादुर धामी | पालिका पोषण सहजकर्ता | वडा नं. १ देखि ५ | |
| ९. | दाम बहादुर कार्की | पोषण स्वयंसेवक | वडा नं. १ देखि ५ | |

६. मुख्यसिकाइहरु (उल्लेख गर्नुहोला)

क. हजार दिने आमाहरुलाई पोषणको महत्व बारे जानकारी भएको ।

ख. स्वास्थ्यकर्मी ,महिला विकास ,कृर्षि ,पशुसेवा शाखाको सहभागीतामा कार्यक्रम गर्दा प्रभावकारी भएको ।

नि.प्रमुख प्रशासकिय अधिकृत

## ९. फोटोहरुः


समुदायका सुनौलो १००० दिनका आमा समुहहरुलाई
पोषण तरकारी खेती उन्नत कुखुरा पालन तथा पशुपालन सम्बन्धी
२ दिवसीय तालिम







वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका
पदाधिकारी र अन्य सरोकारवालाहरु सँग
बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धी
१ दिवसीय अभिमुखिकरण कार्यक्रम




SWASTIK
Refined
Soyabean Oil